## मिति २०७५।१२।०४ गते बसेको नगरसभाको निर्णय :

**प्रस्ताव नं. १ :-** आ व २०७५/०७६ का लागि स्वीकृत बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं १ :- यस टीकापुर नगरपालिकाको आ.व.२०७५/७६ का लागि मिति २०७५ असारको नगरसभाबाट पारित विनियोजित ऐन, २०७५ बमोजिम कार्यन्वयनमा रहेकोमा, विभिन्न कार्यक्रम र योजनाहरु कार्यान्वयन गर्ने क्रममा केही विनियोजन शिर्षकहरुमा रकम अपुग हुने देखिएको, कतिपय विनियोजन शिर्षकमा रकम बचत हुने देखिएको र आम्दानी तर्फका अनुमान गरे भन्दा फरक शिर्षकमा नगरपालिकाले बाँडफाँड गर्ने गरी प्राप्त गरी रकम प्राप्त भएको हुँदा नगरसभाबाट नीतिगत रुपमा पारित भई बजेटमा सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रम सम्बोधन गर्न, बचत हुने शिर्षकबाट रकम थप गर्न र नगरसभा भन्दा पछाडी माग भएका योजना कार्यक्रम मध्ये अत्यावश्यक देखिएका केही योजना तथा कार्यक्रमहरु सम्वोधन गर्न टीकापुर नगर कार्यपालिकाबाट स्वीकृतीका लागि पेश भए बमोजिम नगर उपप्रमुखज्यूबाट पेश गरिएको तपसिल बमोजिमको विनियोजन ऐन, २०७५ संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

*तपसिल :*

*(नगर उपप्रमुखज्यूबाट संशोधन प्रस्ताव सहित पेश गरिएको विनियोजन ऐन २०७५)*

आदरणिय नगरसभाका सभाध्यक्षज्यू
नगर सभाका सदस्यज्यूहरु

यस टिकापुर नगरपालिकाको आर्थिक बर्ष ०७५।०७६ संचालनका लागि ब्ययको अनुमान सहितको विनियोजन ऐन २०७५ लाई २०७५ असारमा पारित गरि कार्यान्वयनमा रहेको व्यहोरा जानकारि गराउदछु ।

यस टिकापुर नगरपालिकामा पारित भएका विभिन्न कार्यक्रम र योजनाहरु कार्यान्वयन गर्ने क्रममा केहि विनियोजन शिर्षकहरुमा रकम अपुग हुने देखिएको, कतिपय विनियोजन शिर्षकहरुमा रकम वचत हुने देखिएको र आम्दानि तर्फका अनुमान गरेभन्दा फरक शिर्षकमा नगरपालिकाले वाडाफाड गर्ने गरि रकम प्राप्त भएकोले,

१ नगरसभावाट नितिगत रुपमा पारित भई वजेटमा सम्वोधन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई सम्वोधन गर्न
२ वचत हुने शिर्षकवाट अपुग हुने शिर्षकमा रकम थप गर्नुपर्ने योजना तथा कार्यक्रममा थप घट गरि संसोधन गर्न
३ नगर सभा पछाडि माग भएका योजना कार्यक्रम मध्ये अत्यावश्यक देखिएका केहि योजना तथा कार्यक्रम समेटि नया योजना तथा कार्यक्रम थप गर्न

बाञ्छनिय देखिएकाले मिति २०७५।१२।०३ गतेको कार्यपालिकाको बैठकमा छलफल भई नगर सभामा पेश गर्ने गरि सिफारिस भएका तपसिलका व्यहोराका कार्यक्रम तथा योजनाहरुको संसोधन प्रस्ताव पारित गरियोस भनि विनियोजन ऐन २०७५ को दफा ३ वमोजिम यो प्रस्ताव पेश गरेको छु ।

तपसिल

१ अनुसुचि १ अनुसारको कार्यालय संचालन तथा प्रशासनिक वजेट उपशिर्षकमा भएका योजनाहरुको संसोधन
२ अनुसुचि २ अनुसारको नगर कार्यपालिका वजेट उपशिर्षकमा भएका योजनाहरुको संसोधन
३ अनुसुचि १ अनुसार वचत रकम ८० लाख, अनुसुचि २ वमोजिम वचत रकम ३ करोड ५८ लाख पचास हजार र घरजग्गा रजिष्ट्रेशनवाट प्राप्त भईसकेको र चालु आवको वाकि अवधिमा थप प्राप्त हुन सक्ने भनि अनुमान गरिएको समेत गरि रकम रु १ करोड ९० लाखका सिफारिस भएका अनुसुचि ३ वमोजिमका नया कार्यक्रम तथा योजनाहरु
४ अनुसुचि ४ अनुसारका वडा कार्यालयवाट वडासमितिको निर्णयानुसार सिफारिस भई नगर कार्यपालिकाको निर्णयानुसार समर्थन भई संसोधनका लागि पेश भएका वडाका संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु

टीकापुर नगरपालिका टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नगर प्रमुख रामलाल बहादुर रावल

केशरि कुमारि बिष्ट रावल
नगर उपप्रमुख
टिकापुर नगरपालिका

<u>अनुसूची १</u>

आ.व.२०७५।०७६ का लागि विनियोजन ऐन २०७५ अनुसार कार्यालय संचालन तथा प्रशासनिक ब.उ.शि.नं. मा भएको विनियोजनमा केहि खर्च शिर्षक वा कार्यक्रममा भएको संसोधनको सारांश

| क्र स | सावीकको कार्यक्रम | | संसोधन गर्नुपर्ने कारण | नया कार्यक्रम | | वजेट थप वा घट |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | रकम | | कार्यक्रम | रकम | |
| १ | पारीश्रमिक कर्मचारि | ३००००००० | वजेट अनुमान गर्दा दरवन्दि संरचना अनुसार पुरा गरिएकोमा हालसम्म पुरै दरवन्दि अनुसार स्थायि नियुक्ति भई पदपुर्ति नभएको र कार्यरत कर्मचारिहरुमा पनि केहि संख्या वाहिर जान लागेकोले | पारीश्रमिक कर्मचारि | २४०००००० | -६०००००० |
| २ | पदाधिकारी बैठक भत्ता | ४९,९६,००० . | यस शिर्षकको खर्चलाई हेर्दा अनुपातिक रुपमा वचत हुने देखिएकाले | पदाधिकारी बैठक भत्ता | ३९,९६,०००. | -१०००००० |
| ३ | महंगी भत्ता | १८,७२,००० | वजेट अनुमान गर्दा दरवन्दि संरचना अनुसार पुरा गरिएकोमा हालसम्म पुरै दरवन्दि अनुसार स्थायि नियुक्ति भई पदपुर्ति नभएको र कार्यरत कर्मचारिहरुमा पनि केहि संख्या वाहिर जान लागेकोले | महंगी भत्ता | १६७२००० | -२००००० |
| ४ | इन्धन (कार्यालय प्रयोजन) | २७,७०,००० | नया गाडि र टिप्पर खरिद गरिएकोले र वर्षायाममा टिप्पर तथा ब्याकहोलोडर अलि वढि चल्ने सक्ने सम्भावना भएकोले | इन्धन (कार्यालय प्रयोजन) | ३१,७०,००० | ४००००० |
| ५ | सेवा र परामर्श खर्च | १०,००,००० | यसमा केहि कार्यक्रम भए नगरकार्यपालिका वउशिन मा विस्तृत व्याख्या गर्ने र हालसम्म कुनै दायित्व सिर्जना नभएकोले यसलाई घटाउन उपयुक्त देखीएको | सेवा र परामर्श खर्च | १,००,००० | -९००००० |
| ६ | कर्मचारी तालिम खर्च | १०,००,००० | कर्मचारिका साथसाथे पदाधिकारिहरुलाई समेत तालिम संचालन गर्न थप वजेट आवश्यक पर्न सक्ने देखिए वमोजिम | पदाधिकारि तथा कर्मचारी तालिम खर्च | ११,००,००० | १००००० |
| ७ | कार्यक्रम खर्च | २५,००,००० | यसवाट लगभग धेरै दायित्व सिर्जना भएकोले यसलाई यही कायम गर्ने यसप्रकारको कार्यक्रम खर्च नगरकार्यपालिका वउशिनमा हेरफेर गर्ने । | कार्यक्रम खर्च | २५,००,००० | ० |
| ८ | अन्य सहायता | ३,००,००० | रु ५००० को नगर प्रमुखको सिमा र अन्य कार्यपालिकाको निर्णयानुसार हुने गरेकोले खर्च अनुपात हेर्दा यसलाई थप गर्नुपर्ने देखिन्छ | अन्य सहायता | ५,००,००० | २००००० |
| ९ | सवारी . साधन तथा मेशिन र औजार भाडा | १००००० | यस शिर्षकको खर्चलाई हेर्दा अनुपातिक रुपमा कम हुने देखिएकाले | सवारी साधन तथा मेशिनर औजार भाडा | २००००० | १००००० |
| १० | भैपरी आउने चालु खर्च | ९,३०,००० | भैपरि आउने चालु खर्चवाट अन्य शिर्षकमा सार्नु नपरेको र यो वउशिनमा | भैपरी आउने चालु खर्च | २,३०,००० | -७००००० |
| यस ब उ शि न मा वजेट संसोधन गर्दा भएको थप वा (घट) | | | | | | -८०००००० |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

## अनुसूची २

आ ब ०७५।०७६ मा पारित विनियोजन एन २०७५ वाट टिकापुर नगरकार्यपालिका ब उ शि न मा रहेका मध्ये संसोधन गर्नपर्ने केही योजना तथा कार्यक्रमहरु

| क्र स | साविकको कार्यक्रम | | संसोधन गर्नुपर्ने कारण | नया कार्यक्रम | | वजेट थप वा घट |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | रकम | | कार्यक्रम | रकम | |
| १ | समपुरक कोष | ६०००००० | हालसम्म यस शिर्षकको खर्च र सम्भावनालाई हेर्दा वचत हुने देखीएकाले | समपुरक कोष | ३०००००० | -३०००००० |
| २ | चक्रपथको D P R तथा ट्याक खोल्ने कार्य | ८००००० | हालसम्म कुनै कार्य भईनसकेको हालको अवस्थामा यो वर्ष DPR कार्य मात्र गर्न सकिने भएकाले | चक्रपथको D P R कार्य | ४००००० | -४००००० |
| ३ | नगर स्तरीय जनता आवास कार्यक्रम | ८००००० | यस कार्यक्रमको निर्माण कार्य सम्पन्न हुने परिस्थिति नदेखिएको यो वर्ष सो कार्यक्रमको आधार मात्र तयार गर्ने काम हुने भएकाले | नगर स्तरीय जनता आवास कार्यक्रम | ५००००० | -७५००००० |
| ४ | कार्यालयमा सवारि साधन खरिद | ७००००० | कार्यालयमा चार पाङ्गेका साथै ४ वा ५ थान मोटरसाईकल समेत खरिद गर्नुपर्ने भएकाले वजेट थप | कार्यालयमा सवारि साधन खरिद | ८००००० | १००००० |
| ५ | जनतासग मेयर उपमेयर कार्यक्रम | ७००००० | यस कार्यक्रममा वढाउनुपर्ने देखिएकाले | जनतासग मेयर उपमेयर कार्यक्रम | १०५०००० | ३५०००० |
| ६ | मेयर कप लगायतका अन्य खलकुद सचालन कार्यक्रम | १५००००० | मेयर उपमेयर र तेक्वान्दो खेल संचालन भईसकेको अवस्थामा २ ठाउमा भएको स्रोतकेन्द्रस्तरिय खेलकुद र राष्ट्रपति खेलकुद संचालन लगायतका का अन्य स सना खेलकुद कार्यक्रम संवोधनका लागि | मेयर उपमेयर कप, स्रोतकेन्द्र स्तरिय खेलकुद लगायतका अन्य खलकुद सचालन कार्यक्रम | २४००००० | ९००००० |
| ७ | सामुदायीक पशु चौपाया व्यवस्थापन कार्य | १०००००० | यस कार्यक्रमको हाल सम्म भएको खर्चको अनुपातलाई हेर्दा वजेट अपुग हुने देखिएकाले | सामुदायीक पशु चौपाया व्यवस्थापन कार्य | २०००००० | १०००००० |
| ८ | सुरक्षित आप्रवासन कार्यक्रम सचालनमा खर्च | ८००००० | यस कार्यक्रमको हाल सम्म भएको खर्चको अनुपातलाई हेर्दा वजेट बचत हुने देखिएकाले | सुरक्षित आप्रवासन कार्यक्रम सचालनमा खर्च | ३००००० | -५००००० |
| ९ | लागत सहभागीताका योजना तथा कार्यक्रम (कम्तिमा ५०%) | १०००००० | यस प्रकारका कार्यक्रम थप आउने सम्भावना भएकोले र संस्थागत रुपमा अति आवश्यक कार्यक्रमलाई संसोधन गर्न | लागत सहभागीताका योजना तथा कार्यक्रम (कम्तिमा ५०%) | २०००००० | १०००००० |

टीकापुर नगरपालिका, टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश
नगर प्रमुख
तपेन्द्र बहादुर रावल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | आकस्मिक तथा भैपरि आउने विविध पुजीगत खर्च | २५००००० | यस कार्यक्रमको हाल सम्म भएको खर्चको अनुपातलाई हेर्दा वजेट अपुग हुने देखिएकाले | आकस्मिक तथा भैपरि आउने विविध पुजीगत खर्च | ४०००००० | १५००० |
| ११ | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | ३३४१०११ | | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | ३३४१०११ | |
| १२ | अवलोकन तथा भ्रमण कार्यक्रम | ८००००० | यस कार्यक्रममा वढाउनुपर्ने देखिएकाले | अवलोकन तथा भ्रमण कार्यक्रम | १२००००० | ४०० |
| यस ब उ शि न मा भएको वजेटको थप वा (घट) | | | | | | -३५८५० |

# अनुसुचि ३

## केन्द्र स्तरवाट विनियोजित नया योजना तथा कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | बिनियोजीत रकम | कैफि |
|---|---|---|---|
| १ | सामुदायिक विधालयहरुमा रंगरोगन कार्यक्रम (कलर कोड) | ८४३००००.०० | |
| २ | पार्कको गेटको दाँया बायाँ घेरावार | १९५००००.०० | |
| ३ | पार्कको गेटको दाँया बायाँ माटो पटानि | १९५००००.०० | |
| ४ | पार्कको गेटको भित्र बाहिर सडक कालोपत्रे | १९५००००.०० | |
| ५ | नगरपालिका केन्द्र भवन परिसरमा नया सपिंग कम्पलेक्स भवन निर्माण | ५००००००.०० | |
| ६ | सिंहमान बिष्टको घर (ब्लक नं D) देखि बिरेन्द्र बहुमुखि क्याम्पस जाने सडक कालोपत्रे | ३००००००.०० | |
| ७ | विपि निकुन्ज, सत्ति कर्णालिको र ओजुवा तालको मास्टर प्लान सहितको DPR तयारि | १९५००००.०० | |
| ८ | वडा नं. ९ को सामुदायिक सुरक्षित उच्च भवनको अधुरो निर्माण कार्य | १९५००००.०० | |
| ९ | त्रिभुवन मा. वि. बटनपुरको तला थप | १८००००० .०० | |
| १० | महिलालाई केराको प्रशोधनवाट रेशा उत्पादन तथा विभिन्न सामान तयार गर्ने कार्यक्रम | १५००००० .०० | |
| ११ | सास्कृतिक समाज टिकापुरको भवन स्तरोन्नति | ९८००००.०० | |
| | सास्कृतिक टिकापुरको भवनको compound मा माटो पटानि | ५२००००.०० | |
| १२ | वडा र पार्क लगायत महत्वपुर्ण ठाउमा free wifi र मुख्य चोक चौराहामा CC camera जडान | १५०००००.०० | |

| | | | |
|---|---|---|---|
| १३ | आमा सूरक्षा, निशुल्क गर्भपतन र न्यानो झोला वितरण कार्यमा मा नपुग रकम थप | १५०००००.०० | |
| १४ | जनप्रकास आधारभुत विधालय वडा नं ४ मा अधुरो भवन निर्माण | १४०००००.०० | |
| १५ | पझा प्रा वि वडा नं ३ को भवन स्तरोन्नति | १२०००००.०० | |
| १६ | बेलुवा कुलाको कल्भर्ट निर्माण | १२०००००.०० | |
| १७ | हुलाकि लोकमार्गको खक्रौला चौराहामा डल्फिन चोक निर्माण | ९८००००.०० | |
| १८ | वडा नं १ टिकापुर जेसिस हलको तला थप | ९८००००.०० | |
| १९ | थारु कल्याणकारी सभाको भवन स्तरोन्नति | ९८००००.०० | |
| २० | नगरपालिकाको एकीकृत सफ्टवेयर जडान | १०००००००.०० | |
| २१ | अनाथ बालबालिका लागि उपमेयर छात्रवृति कार्यक्रम | १०००००००.०० | |
| २२ | टिकापुर पार्कमा चौकिदार भवन निर्माण | ९८००००.०० | |
| २३ | सामुदायिक पुस्तकालयको अधुरो भवन निर्माण तथा व्यवस्थापन | ९८००००.०० | |
| २४ | जेसिस हल टिकापुर वडा नं. ६ मा रहेको अधुरो भवनको निर्माण कार्य | ९८००००.०० | |
| २५ | मुक्त कमैया प्रा वि वडा नं. २ मा घेरा पर्खाल , शौचालय भवन निर्माण तथा मरमत | ९०००००.०० | |
| २६ | टीकापुर अस्पतालमा स्त्री रोग विशेषज्ञ सेवा सेवा संचालन कार्यक्रम | ७०००००.०० | |
| २७ | फोहरमैला सम्बन्धी अध्ययन, समिति संचालन खर्च र अवलोकन भ्रमण | ७०००००.०० | |
| २८ | वेलुवा चौराहामा ट्राफिक आईल्याण्ड निर्माण | ७०००००.०० | |
| २९ | फरक क्षमता भएका व्यक्तिहरुका लागि शशक्तिकरण तथा क्षमता विकास कार्यक्रम | ६०००००.०० | |
| ३० | वडा नं.३ को शिवशक्ति मन्दिरमा धर्मशाला निर्माण | ६०००००.०० | |
| ३१ | अचार उत्पादन तालिम कार्यक्रम (महिलाका लागि) | ५०००००.०० | |
| ३२ | शहरि स्वास्थ्य केन्द्र वडा नं. २ मा माटो पटानि तथा वृक्षारोपण | ५०००००.०० | |
| ३३ | पशुपतिनाथ प्रा.वि.वडा नं. ३ शंकरपुर घेरावार | ५०००००.०० | |
| ३४ | त्रिभुवन मा.वि.वडा नं. ५ वसन्ताको घेरावार | ५०००००.०० | |
| ३५ | गरिव तथा जेहेन्दार विधार्थि छात्रवृति तथा अन्य शैक्षिक सहयोग कार्यक्रम | ५०००००.०० | |
| ३६ | विरेन्द्र विधामन्दिरमा रहेको खेलकुद मैदानमा मंच निर्माण | ५०००००.०० | |
| ३७ | विरेन्द्र वहुमुखि क्याम्पसमा जेनेरेटर व्यवस्थापन सहयोग | ५०००००.०० | |
| ३८ | नारी शिल्पकला केन्द्रको भवन निर्माण तथा स्तरोन्नति | ५०००००.०० | |

टीकापुर ... बहादुर रावल

| | | | |
|---|---|---|---|
| ३९ | टीकापूर संचारकर्मी समूहका लागि कल्याण कोष संचालन सहयोग | ५०००००.०० | |
| ४० | मानव धर्म सेवा समितिको आश्रम निर्माण | ५०००००.०० | |
| ४१ | वडा नं.४ मा रहेको रामजानकि मन्दिरको धूनी घर निर्माण तथा घेरावार | ५०००००.०० | |
| ४२ | व्लक नं १० मा रहेको नवदुर्गा मन्दिरको अधुरो मन्दिर निर्माण | ५०००००.०० | |
| ४३ | वडा नं ७ सत्तिमा रहेको राम मन्दिरको मर्मत निर्माण | ५०००००.०० | |
| ४४ | टीकापुर पोलिटेक्निक इन्स्टिच्युटको पूर्वाधार निर्माण | ५०००००.०० | |
| ४५ | दिपज्योति महिला कृषक समुह कटानपुर वडा नं ३ को तरकारि संकलन भवनको ढलान कार्य | ४५००००.०० | |
| ४६ | एच.आई.भी.प्रभावित व्यक्तिहरुका लागि स्वास्थ्य विमा तथा पोषण सहयोग कार्यक्रम | ४०००००.०० | |
| ४७ | भारि सवारि ग्यारेज नजिक पुर्व पट्टिको खालि ठाउमा स्टोर निर्माण | ४०००००.०० | |
| ४८ | कर्णाली मा.वि.सत्ती प्रयोगशाला व्यवस्थापन टी.न.पा.७, | ४०००००.०० | |
| ४९ | नगरपालिका केन्द्र भवन परिसरमा गेट र वगैचाको DPR सम्बन्धि परामर्श कार्य | ३५००००.०० | |
| ५० | वडा नं ६ निरंकारि भवन निर्माण तथा मरमत | ३०००००.०० | |
| ५१ | वेलुवा रा मा वि वाल उधान तथा वृक्षारोपण कार्यक्रम | ३०००००.०० | |
| ५२ | खडक स्मृति मा वि को कम्पाउण्डमा माटो पटानि | ३०००००.०० | |
| ५३ | विरेन्द्र विद्यामन्दिर (छात्रबास) मर्मत | ३०००००.०० | |
| ५४ | छाउपडी, बोक्सी प्रथा लगायत कुप्रथा उन्मुलन सचेतना कार्यक्रम | ३०००००.०० | |
| ५५ | प्रगतिशिल बालविद्या केन्द्र प्रा.वि वडा नं. १ | ३०००००.०० | |
| ५६ | नारायणपुर चौराह सामुदायिक वैठक भवनको स्तरोन्नति | २५००००.०० | |
| ५७ | नेपाल रेडक्रस सोसाइटी एमबुलेन्स खरिदका लागि अपुग रकम | २५००००.०० | |
| ५८ | वडा नं. ७ माघी मेला महोत्सव व्यवस्थापन | २५००००.०० | |
| ५९ | टीकापुर व्लक नं १० मा नवदुर्गा मन्दिर विष्णु रावलको घरहुदै मकर केसिको घरसम्म जाने वाटो माटो पटानि तथा ग्राभेल | २५००००.०० | |
| ६० | टिकापुर न पा भित्र संचालित मिडिया मार्फत सन्देशमुलक लोककल्याणकारि सुचना सन्देश प्रवाह कार्यक्रम | २०००००.०० | |
| ६१ | वडा नं १ ज्योतिनगरमा केमन व्यवसायिक गाई फर्म अगाडीको वाटो माटो पटानि तथा ग्राभेल | २०००००.०० | |

टीकापुर नगरपालिका
टीकापुर
नगर प्रमुख
बहादुर रावल

| | | | |
|---|---|---|---|
| ६२ | होरि र पुतला कार्यक्रम संचालनका लागि टिकापुर सास्कृतिक समाजलाई सहयोग | १५००००.०० | |
| ६३ | वडा नं.५ कर्णालेश्वर मन्दिर निर्माण तथा मरमत | १५००००.०० | |
| ६४ | चित्रण वि.क देखि विरेन्द्र देउवाको घरसम्म जाने वाटोमा माटो पटानि | १५००००.०० | |
| ६५ | वर्थिंग सेन्टरमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई नाईट भत्ता | १२००००.०० | |
| ६६ | देवकोटा साहित्य समाजको साहित्यिक कार्यक्रमका लागि सहयोग | १०००००.०० | |
| ६७ | विधुत प्राधिकरणको दक्षिणतिर गगन सिंग थापाको घर जाने बाटो माटो पटानी | १०००००.०० | |
| ६८ | वडा न ३ वडा कार्यालयको प्रांगणमा माटो पटानि | १०००००.०० | |
| | जम्मा खर्च | ६२९३००००.०० | |

## अनुसूची ४

आ.व. ०७५।०७६ मा विनियोजन ऐन २०७५ वाट पारित वडास्तरिय योजना तथा कार्यक्रमहरु मध्ये संसोधन गर्नपर्ने योजना तथा कार्यक्रमहरु

| क्र. सं. | स्वीकृत आयोजनाको नाम र ठेगाना | स्वीकृत रकम रु. | शंसोधित आयोजनाको नाम | शंसोधित रकम रु. | शंसोधन गर्नु पर्ने कारण | कैफियत | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १ | बिरेन्द्र शाहको घर देखि उतर टीकापुर वहुमुखी क्याम्पस सडक जोडने सडक, ( ब्लक नं.२६) र औद्यौगिक क्षेत्र नजिक मुनुवा रोडबाट पश्रिम तर्फ कमला सुनारको घर देखि शंकर वि.क.को घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेल (वडा न.१ ब्लक न.२९) | रु.५००००० | बिरेन्द्र शाहको घर देखि उतर टीकापुर वहुमुखी क्याम्पस सडक जोडने सडकमा माटो पटानी तथा ग्राभेल, ब्लक नं.२६ लाइ २५००००। र औद्यौगिक क्षेत्र नजिक मुनुवा रोडबाट पश्रिम तर्फ कमला सुनारको घर देखि शंकर वि.क.को घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेललाइ रु २५०००० (वडा न.१ ब्लक न.२९) | रु.५,००,०००।०० दुईवटै योजनाको एकमुष्ट रकम | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएको | वडा स्तरिय आयोजना | १ |
| २ | धुमकुतुवा कुलो देखि उतर प्रसान्त शाहीको घर देखि धिज राज रेग्मीको घर सम्म जाने सडक निर्माण (वडा न. १ समितिपुर) | रु.५००००० | धुमकुतुवा कुलो देखि उतर प्रसान्त शाहीको घर देखि धिज राज रेग्मीको पर्खाल सम्म जाने सडक निर्माण (वडा न. १ समितिपुर) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ३ | मुनुवा रोड विद्युतर्कायको पश्चिम तिरको कल्भर्ट देखि दक्षिण बनगाउं जाने सडकमा माटो पटानी तथा ग्राभेल -वडा नं.१ ब्लक नं.२४) | रु.५००००० | मुनुवा रोड विद्युतर्कायको पश्चिम तिरको सडको बिच कल्भर्ट देखि दक्षिण बनगाउं जाने सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ ब्लक नं.२४) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | देबिराम ढुङ्गानाको घर देखि मिन बहादुर शाहिको घर सम्मको प्रेम शाहको घर देखि खगेन्द्र भण्डारीको घर निर्मला बमको घर हुँदै १५०फिटे राजेन्द्र रावलको घर हुँदै प्रकाश शाहको घर हुँदै पार्क वरिपरिको सडकमा माटो पटानी तथा ग्राभेल (ब्लक नं.२३ बगेस्वरीटोल ) र ब्लक नं. ११ ड्इभर टोलको सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ ब्लक नं.२३ र ब्लक नं.११) | रु.६,२५,०००।०० | देबिराम ढुङ्गानाको घर देखि मिन बहादुर शाहिको घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ ब्लक नं. २३र ब्लक नं.११) | रु.६,२५,०००।०० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ५ | कमल राज रेग्मीको घर देखि पश्चिम तर्क बहादुर रवलको घर सम्म जाने सडक मा माटो पटानी तथा ग्राभेल ( ब्लक नं. २५)र ब्लक नं. १२ को आरामिलको उत्तर बनगाउँ जाने कालोपत्रे सडक सम्म जोड्ने सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ ब्लक नं. २५ र ब्लक नं. १२) | रु.५००००० | कमल राज रेग्मीको घर देखि पश्चिम तर्क बहादुर रवलको घर सम्म जाने सडक मा माटो पटानी तथा ग्राभेल ( ब्लक नं. २५)र ब्लक नं. १२ को आरामिलको उत्तर बनगाउँ जाने कालोपत्रे सडक सम्म जोड्ने सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ र ब्लक नं. १२) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ६ | सुरत रावलको घर देखि प्रकाश बिस्टको घर हुँदै भजन साउदको घर देखि पस्चिम शान्ति चौधरीको घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ र ब्लक नं. ८) | रु.५००००० | भजन साउदको घर देखि पश्चिम शान्ति चौधरीको घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं.१ र ब्लक नं. ८) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ७ | ब्लक नं. २१ को पुर्व सिमाना देखि ब्लक नं. १८ हुँदै योगाश्रम हुँदै शिव बहादुर थापाको घर जोडने सडक ग्राभेल (वडा नं.१ ब्लक नं. २०र २१) | रु.५००००० | ब्लक नं. २१ को पुर्व सिमाना देखि ब्लक नं. १८ हुँदै योगाश्रम हुँदै शिव बहादुर थापाको घर जोडने सडक ग्राभेल (वडा नं.१ ब्लक नं. २०र २१) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ८ | गणेश साउदको घर देखि चुल्हौ चौधरीको घद पछाडी जाने सडक र पददु चौधरीको घर देखि जय बहादुर शाहीको घर हुदै आंखा अस्पताल वोडने सडक निर्माण (वडा नं.१ ब्लक नं. ३ | रु.५००००० | गणैश साउदको घर देखि चुल्हौ चौधरीको घद पछाडी जाने सडक र पददु चौधरीको घर देखि जय बहादुर शाहीको घर हुदै आंखा अस्पताल वोडने सडक निर्माण (वडा नं.१ ब्लक नं. ३ | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ९ | टी.ब. क्याम्पस जाने सडक पुर्व बम बहादुर नेपाली डाम्टरको घद पछाडी जिम ब्लबको बिचमा बि.वि. मन्दिर जाने सडक सुर्यचन्द्र भट्टराईको घर प्रम बहादुर रावलको घद बिचबाट दुरसंचार कार्यलय सम्मको सडक किसान मल्टी प्रपोज देखि खडक साउदको घर हुदै भद्रा शाहको घरसम्म र टेक बहादुर दर्लामी मगरको घर देखि तारा प्रसाद जैशी घर हुदै जय रावलको घद सम्मको सडक मोति सिंह साउदको घद देखि बुद्धि चौधरीको घर हुदै पुर्ण प्रसाद सापकोटाको घर हुदै प्रेम बहादुर शाहीको घर सम्म र डम्बर रावलको घर अगाडी धन प्रसाद तिवारीको घर अगाडीको चोकमा माटो पटानी तथ ग्राभेल (वडा नं.१ ब्लक नं. २) | रु.८०६२४८ | टेक बहादुर दर्लामी मगरको घर देखि तारा प्रसाद जैशी घर हुदै जय रावलको घर सम्मको सडक मोति सिंह साउदको घद देखि बुद्धि चौधरीको घर हुदै पुर्ण प्रसाद सापकोटाको घर हुदै टेलिकम प्रेम बहादुर शाहीको घर सम्म र माटो पटानी तथ ग्राभेल (वडा नं.१ ब्लक नं. २) | रु.८०६२४८ | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| १० | योगाश्रम पछाडी रहेको सडक निर्माण, चित्र गिरीको घर देखि टोप बिस्टको घरसम्म, अरनिको स्कुल देखि पछाडिको पर्खाल देखि योगश्राम जाने सडक, झपट शाहको घर देखि रतन टमढटाको घर सम्म र चेतराज गिरीको घर देखि लक्ष्मी देवी कुंवरको घर सम्मको सडक निर्माण (वडा नं.१ ब्लक नं. १८) | रु.५००००० | चित्र गिरीको घर देखि टोप बिस्टको घर जोडने सडक ग्राभेल (वडा नं.१ ब्लक नं. १८) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| ११ | रानी जमारा सिचाई कार्यालय देखि भु.पु. कमैया बस्ती हुँदै शक्तिनगर जाने सडक मर्मत र बढी पीडत शीवरको अधुरो सडक निर्माण (वडा न. १ शक्तिनगर | रु.५००००० | रानी जमारा सिचाई कार्यालय देखि भु.पु. कमैया बस्ती हुँदै शक्तिनगर जाने सडक मर्मत (वडा न. १ शक्तिनग | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |

टीकापुर नगरपालिका

तपेन्द्र बहादुर रावल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | ब्लक न. १० का गल्ली नं.५ (जनता टेलरको गल्ली) , गल्ली नं. ६ (राम बं बुढाको घर) र गल्ली नं. ११ को सडक निर्माण (ब्लक नं.१०) र ब्लक नं. १० स्थित परमानन्द पान्डेयको दर देखि खडक मेमोरियल इंग्लिश बोडिंग स्कुलको गेट सम्म र सौ गेट देखि संन्त निरन्कारी आदर्श विद्यामंन्दिर स्कुलको गेट हुदै कालु सिंह कडायतको घर सम्मको सडक ग्राभेल (वडा नं.१ ब्लक नं. १०) | रु.५००००० | ब्लक न. १० का गल्ली नं.५ (जनता टेलरको गल्लीको पश्चिम पट्टी इश्वरी तिमिल्सैनाको घर देखि खडक ब. रावलको घर सम्म) , गल्ली नं.६ (राम ब. बुढा घर देखि पश्चिम पीच रोड सम्म ) र बांकी गल्ली नं. ११ को सडक ग्राभेल (वडा नं.१ ब्लक नं. १०) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| १३ | १ नं.वडा कार्यालय देखि एयरपोर्ट हुंदै सितापुर जाने सडक संग जोडिएको पुर्व तर्फ जगत साउदको घर देखि पुर्व आंखा अस्पाताल सम्मको सडमा माटो पटानी तथा ग्राभेल (वडा नं. १ ब्लक नं. १८) | रु.५००००० | १ नं.वडा कार्यालय देखि एयरपोर्ट हुंदै सितापुर जाने सडक संग जोडिएको पुर्व तर्फ जगत साउदको घर देखि पुर्व आंखा अस्पाताल सम्मको सडमा माटो पटानी तथा ग्राभेल (वडा नं. १ ब्लक नं. १८) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| १४ | चंख कडायतको घर देखि पुर्व दिपक वडको घर हुदै पडम लुहार को घर देखि सुर्य ब. कडायतको घर हुदै नवदुर्गा स्कुल सम्मको सडक र नवदुर्गा नि.मा.वि. स्कुल हुंदै कल्पना अधिकारिको घर देखि कालोपत्रे सडक सम्म जाने सडक निर्माण (वडा नं. १ ब्लक नं. ९) | रु.५००००० | चंख कडायतको घर देखि पुर्व दिपक वडको घर हुदै पडम लुहार को घर अगाडि पिच सडक सम्मको सडक निर्माण (वडा नं. १ ब्लक नं. ९) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| १५ | टेक ब. सउद को घर देखि सचिन ओड घर सम्म पार्क रोडको गोल चोक देखि रन सिंह सउदको घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं. १ व्यबसाय क्षेत्र) | रु.५००००० | पार्क रोडको गोल चोक देखि रन सिंह सउदको घर सम्मको सडकमा माटो पटानी तथा ग्राभेल (वडा नं. १, व्यबसाय क्षेत्र) | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | १ |
| १६ | कालिका मन्दिर नजिकै राजिपुर कुलामा कल्भर्ट निर्माण (दुर्गानगर टोल) र पतन्जलि योग साधाना तथा सार्वजनिक ट्रस निर्माण | रु.७००००० | कालिका मन्दिर नजिकै राजिपुर कुलामा कल्भर्ट निर्माण (दुर्गानगर टोल) लाइ रु.४०००००। पतन्जलि योग साधाना तथा सार्वजनिक ट्र्स निर्माणको लागि रु.३०००००। | रु.७०००००, दुईवटै योजनाको एकमुष्ट रकम | बजेट अपुग भएको कारण | वडा स्तरिय आयोजना | १ |
| १७ | माँ दुर्गा मन्दिरमा पर्खाल निर्माण (वडा नं.१ ब्लक नं.९) | रु.१००००० | माँ दुर्गा मन्दिरमा परिसरमा होमकुण्ड र टहरा निर्माण | रु.१००००० | पर्खाल निर्माणमा रकम अपुग हुने भएकाले पर्खाल निर्माण कार्य सम्भव नभएको | वडा स्तरिय आयोजना | १ |
| १८ | अति विपन्न महिला १० जनाका लागि ३ महिने सिलाई कटाई तालिम र सामाग्री | रु.१५०८२७ | वडा कार्यालय हाताभित्र अधुरो रहेको पक्की घेरा पर्खाल निर्माण कार्य | रु.१५०८२७ | रकम अपुग पर्ने भएकोले | वडा स्तरिय आयोजना | २ |
| १९ | डुवान क्षेत्रमा पानी निकासका लागि हयूम पाईप खरिद | रु.१४८००० | राजीपुर रामु चोक्सीको घर अगाडी मुख्य सडकबाट तिमील्सैना टोल हुदैं लक्षमण लुहारको घर अगाडी विजयनगर जाने बाटो सम्म माटो पटानी तथा ग्राभेल | रु.१४८००० | रकम अपुग पर्ने भएकोले | वडा स्तरिय आयोजना | २ |
| २० | वडा नं. ४ का युवाहरुका लागि व्याकहो लोडर चालक सम्बन्धी तालिम संचालन ,वडा नं. ४ | रु.१००००० | वडा नं. ४ का युवा युवतीहरुका लागि १ महिने हलुका सवारी साधन तालिम संचालन | रु.१००००० | दुई पटक सूचना प्रकाशित गर्दा पनि पनि कुनै प्रशिक्षकको आवेदन पर्न नआएको | वडा स्तरिय आयोजना | ४ |
| २१ | श्रीराम जानकी डिगम्बर अखडाको वरिपरी तारवार तथा धुनी घर निर्माण कार्य | रु.२५०००० | श्रीराम जानकी डिगम्बर अखडामा घर निर्माण कार्य | रु.२५०००० | रकम अपुग पर्ने भएकोले | वडा स्तरिय आयोजना | ४ |
| २२ | वडा कार्यालयमा आउने सेवा ग्राहीहरुको लागि शुद खानेपानीका लागि फिल्टर खरिद गर्ने कार्य | रु.५०००० | वडा कार्यालयमा आउने सेवा ग्राहीहरुको लागि शुद खानेपानीका लागि फिल्टर खरिद गर्ने का साथै वडा कार्यालयको लागि मोवाईल खरिद | रु.५०००० | फिल्टर खरिद पश्चात रकम बचत हुन आउने भएकोले | वडा स्तरिय आयोजना | ४ |
| २३ | सौर्यबत्ती जडान | रु.५००००० | वडा नं. ५ का कृषकहरुका लागि पावर टिलर खरिद | रु.५००००० | संरक्षण गर्न मा समस्या देखिकोले | वडा स्तरिय आयोजना | ५ |
| २४ | पार्क भित्र रहेको पोखरी का लागि ढुगां निर्माण | रु.२००००० | कार्णालेश्वर शिव मन्दिर मर्मत संम्भार रु. १००००० र कालिका मन्दिर निर्माण तथा मर्मत कार्य रु. १००००० | रु.२०००००, दुबै योजनाको एकमुष्ट रकम | ढुगां चल्ने पोखरी पार्क भित्र नभएकाल | वडा स्तरिय आयोजना | ५ |
| २५ | सीम्रेनी ग्रा.वि.सं. को ट्रान्सफर्म खरिद | रु.२००००० | सीम्रेनी ग्रा.वि.सं. को ट्र्न्सफर्म मर्मत | रु.२००००० | रकम अपुग भएकोले नयां खरिद गर्न नसकिने | वडा स्तरिय आयोजना | ५ |

टीकापुर नगरपालिका
नगर प्रमुख
बहादुर रावल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | नुक्लीपुर , शाहिपुर र नयाँटीकापुरमा समुदायिक भवन निर्माण | रु.८००००० | नुक्लीपुर सामुदायिक भवन निर्माण तथा मर्मत कार्य रु. ३०००००,शाहीपुर सामुदायिक भवन निर्माणका लागि रु. ३,००,००० र नयां टीकापुर सामुदायिक भवन निर्माण कार्य रु. २००००० | रु.८,००,०००।-, तिन वटै योजनाको एकमुष्ट रकम | योजना अनुसार बजेट अलग अलग नछुटयाइउको कारण काम गर्न गाह्रो भएकोले | वडा स्तरिय आयोजना | ५ |
| २७ | कर्णाली उच्च मा.वि.भवनमा रंगरोगन कार्य | रु.५००००० | कर्णाली मा.वि.भवनमा सिढी तथा रेलिगं निर्माण कार्य | रु.५००००० | बजेट अपुग भएको | वडा स्तरिय आयोजना | ६ |
| २८ | जनता रा.मा.वि.देखि ओजुवा ताल हुदै कालाकुण्डा हुदैं मायाराम पाण्डेको घर हुदैं भांग बाजेको घर सम्मको बाटो ग्राभेल तथा श्रेष्ठको घर देखि खोपकेन्द्र हुदैं रुप बहादुर खडकाको घर सम्मको बाटो मर्मत तथा खोप केन्द्र नजिकको झरनमा हयुमपाईप जडान । | रु.७३०००० | श्रवण श्रेष्ठको घर देखि खोपकेन्द्र हुदैं रुप बहादुर खडकाको घर सम्मको बाटो सिमाकंन तथा कालाकुण्डा प्रहरी चौकी देखि मायाराम पाण्डेको घर हुदैं भांग बाजेको घर सम्मको बाटो ग्राभेल निर्माण, बैदी । | रु.७३०००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | ७ |
| २९ | ब्रोईलर फर्म देखि श्रेष्ठको पसल सम्म ,सुन्दरपुर अनिलको घर देखि जमरा नाला सम्म ,राम स्वरुपको घर देखि नदी जाने बाटोमा पर्ने कलभर्ट सम्म र देनिया कुला देखि वडा नं. ९ को सिमाना सम्मको बाटोमा माटो पटानी तथा ग्राभेल र श्रेष्ठको पसल देखि दिव्यपुर प्रतिपुर हुदैं हुलाकी मार्ग सम्म प्रतिपुर सामुदायिक भवन जाने बाटो र दिव्यपुर चौक देखि पथरैया नदी जाने बाटोमा माटो पटानी तथा ग्राभेल । | रु.७००००० | बेलुवा चोक खडक क्षेत्रीको घर देखि जमरा नाला सम्मको बाटो सिमाकंन तथा हुलाकी मार्ग देखि प्रतिपुर जाने बाटोमा तटबन्ध निर्माण कार्य ,बेलुवा प्रतिपुर । | रु.७००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | ७ |
| ३० | कुकुलालको घर देखि डांडाबोझी टान्सफर्मर सम्मको बाटो,निरकको घरदेखि पार्क जाने बाटो सम्म र पदमपुर मुस्कोदान घरदेखि मरुवा सम्मको बाटोमा माटो पटानी तथा ग्राभेल र सत्ती प्रहरी चौकी देखि पदमपुरको सिमाना सम्मको बाटो मर्मत तथा सिद साउदको घर देखि दुर्जनपुर जाने बाटामा माटो पटानी तथा ग्राभेल । | रु.५००००० | मुस्कोदान घरदेखि मरुवा सम्मको बाटोमा माटो पटानी तथा ग्राभेल र सत्ती प्रहरी चौकी देखि पदमपुरको सिमाना सम्मको बाटोमा माटो पटानी तथा ग्राभेलीगं कार्य । | रु.५००००० | लागत अनुमान बमोजिम योजना निर्माणका लागि बजेट अपुग भएका | वडा स्तरिय आयोजना | ७ |
| ३१ | बेलुवा गांउका लागि डुगां खरिद | रु.२५००० | सुन्दरपुर सिमाकंन हुने बाटोमा ग्राभेलीगं कार्य | रु.२५००० | डुगां खरिदका लागि रकम अपुग भएकोले | वडा स्तरिय आयोजना | ७ |
| ३२ | कृषकहरुका लागि दुध संकलन केन्द्र प्रवर्दन | रु.१५०००० | कृषकहरुका लागि धान खेती सम्बन्धी बिज बृदि तालिम र धानको विउ वितरण कार्यक्रम | रु.१५०००० | रकम अपुग भएकोले | वडा स्तरिय आयोजना | ८ |
| ३३ | वडा कार्यालयको भवनमा च्यानल गेट निर्माण तथा प्रागंणमा माटो पटानी कार्य | रु.१४५००० | वडा कार्यालयको भवनको बरण्डामा च्यानल गेट निर्माण कार्य | रु.१४५००० | दुवै योजना सम्पन्न गर्न रकम अपुग भएकोले । | वडा स्तरिय आयोजना | ८ |
| ३४ | त्रिभुवन मा.वि.को पुर्वाधार विकास (माटो पटानी ,गेट निर्माण र कम्प्युटर खरिद | रु.५००००० | त्रिभुवन मा.वि. मा माटो पटानी रु.३००००० र कम्प्युटर खरिदमा रु. २००००० | रु.५०००००,दुबै योजनाको एकमुष्ट रकम | कार्य सहजताका लागि दुवै योजना रकम विनियोजन गरिएको | वडा स्तरिय आयोजना | ८ |
| ३५ | कृषी भ्रमण | रु.२७०००० | कृषक समुहलाई धानको विउ वितरण | रु.२७०००० | कृषी भ्रमण जांदा स्थानियको असन्तुष्टी बढी हुने भएकोले र समयमा किसानलाई धानको विउ वितरण गर्न उपयूक्त देखि आएकोले । | वडा स्तरिय आयोजना | ९ |
| ३६ | एच.आई.भि.संक्रमितलाई पोषणमा सहयोग | रु.५०००० | एच.आई.भि.एड्स सम्बन्धि जनचेतना र्कायक्रम | रु.५०००० | एच.आई.भि.संक्रमित ३ जना मात्र भएकोले पोषणमा सहयोग गर्न उपयुक्त नदेखिएकोले | वडा स्तरिय आयोजना | ९ |
| ३७ | भैपरि आउने विविध पुजिगत खर्च | रु.३११५३७ | वडा कार्यालय जाने बाटोमा ग्राभेल निर्माण रु.१६१५३७ , रामनगर स्थित कर्ल्भटको दांया बांया पट्टी माटो पटानी, ग्राभेल रु. १००००० र खक्रौला सडक देखि चेतमान रावलको घर सम्म ग्राभेलमा थप रु.५०००० | रु.३११५३७, तिनवटै योजनाको एकमुष्ट रकम | रकम बांडफांड गरिएको | वडा स्तरिय आयोजना | ९ |

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

**प्रस्ताव नं. २ :विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ संशोधन सम्बन्धमा ।**

**निर्णय नं.२:** यस टीकापर नगरपालिकाको विधेयक समितिका संयोजकबाट पेश भएको टीकापर नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७५ को तपसिल बमोजिमको संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

***तपसिल :***

| मौजुदा रहेको दफा | संशोधन गरिएको दफा | कैफियत |
|---|---|---|
| मौजुदा व्यवस्था नभएको | मनविय क्षमता विकास, संस्थागत क्षमता विकास तथा विपद् जोखिम न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सन्चालन गर्न टीकापुर नगरपालिकाको विपद् कोषबाट यसै ऐनको दफा ३ को नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार वार्षिक अधिकतम १५% (पन्ध्र प्रतिशत) मा नबढ्ने गरी कार्यक्रम वनाई खर्च गर्न सकिनेछ । | टीकापुर नगरपालिकाको मिति २०७५/०३/२५ मा स्वीकृत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ मा विपद् जोखिम व्यवस्थापन संग सम्बन्धी विषय समेट्ने क्रममा मानवीय क्षमता विकास, संस्थागत क्षमता विकास तथा विपद् जोखिम न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सन्चालन सम्बन्धी कानूनी व्यवस्था नसमेटिएकाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १७ पछि दफा १७ (क) थप गरी देहायको कानूनी प्रावधान सहितको दफा थप गर्नुपर्ने । |

**प्रस्ताव नं. ३ : लेखा समिति र सुशासन समिति गठन सम्बन्धमा ।**

**निर्णय नं.३ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम यस नगरपालिकामा देहाय बमोजिम हुने गरी लेखा समिति र सुशासन समिति गठन गर्ने निर्णय गरियो ।

***समिति :***

| समिति | प्रस्तावक | समर्थक | पदाधिकारी |
|---|---|---|---|
| लेखा समिति | श्री बेजुवा थारु | श्री रमेश वि.क. | संयोजक: श्री लालविर चौधरी |
| | श्री रामशंकर ड.थारु | श्री रामसेवक महतो | सदस्य : श्री वलिराम चौधरी |
| | श्री कन्हैया चौधरी | श्री लालविर चौधरी | सदस्य : श्री वलविर थारु |
| | श्री विना थारु | श्री वलिराम चौधरी | सदस्य : श्री रमेश वि.क. |
| | श्री रुपमति चौधरी | श्री कालिराम चौधरी | सदस्य: श्री वीना थारु |
| सुशासन समिति | श्री लौटन चौधरी | श्री शान्ती ड.थारु | संयोजक : श्री भरत साउँद |
| | श्री रामलाल ड.थारु | श्री दिर्घबहादुर ठकुल्ला | सदस्य: श्री यमलाल रेग्मी |
| | श्री जमुना चौधरी | श्री रामशंकर ड.थारु | सदस्य : श्री लायकराम चौधरी |
| | श्री दिलु वि.क. | श्री सेतु टमट्टा | सदस्य : श्री आशा चौधरी |
| | श्री सन्जा देवी ओड | श्री राजु चौधरी | सदस्य : श्री कैलाशपति चौधरी |

**प्रस्ताव नं. ४ : आ.व. ०७४/०७५ को म.ले.प. प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं. ४(क) :** टीकापुर नगरपालिकाको आ.व.२०७४/७५ को म.ले.प.प्रतिवेदन उपर छलफल गरियो । उक्त प्रतिवेदनमा उल्लेख भएका नीतिगत सुधारका विषय र वेरुजुका महलहरुको अध्ययन गरी सम्परीक्षणका लागि कागजात सहितको पुष्ट्याई तयार पारी सम्परीक्षणको प्रक्रिया अगाडि बढाउन लेखा समिति र नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

**निर्णय नं.४(ख):** महालेखा परीक्षकको उक्त प्रतिवेदनमा कार्यपालिका र वडा लगायतका बैठकहरुको बैठक भत्ता र नगरसभा सदस्यहरुको पोशाक भत्ता समेत बेरुजु महलमा देखिएकोले स्थानीय तहका जनप्रतिनिधिहरुका लागि तपसिलका सेवा सुविधा थप हुने गरी कानुनी व्यवस्था गरिदिनका लागि सुदूरपश्चिम प्रदेश सभामा अनुरोध गरी पठाउने निर्णय गरियो ।

*तपसिल :*

| सि.नं. | थप सुविधाको विवरण | थप गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रमुखका लागि प्रेस सल्लाहकार तथा नगरप्रमुख र नगर उपप्रमुखका लागि स्वकीय सचिवालय | मिडिया क्षेत्रको समन्वय र कार्यालय बाहेकका सामाजिक राजनितिक सवालहरुको व्यवस्थापन | |
| २ | नगरसभा, कार्यपालिका, विभिन्न समिति उपसमिति र वडा समिति लगायतका बैठकभत्ता | अतिरिक्त समय खटिनुपर्ने र भत्ता सुविधा लिने प्रचलन रहेकोले | |
| ३ | नगरसभा सदस्यहरुलाई पोशाक भत्ता | औपचारिक कार्यक्रमहरुमा नगरसभा सदस्यहरुको पोशाकमा एकरुपता र पहिचानका लागि | |

**प्रस्ताव नं. ५ : कर्मचारी समायोजन सम्बन्धमा ।**

**निर्णय नं.५:** नेपाल सरकारबाट जारी गरेको कर्मचारी समायोजन ऐन, २०७५ मा रहेको व्यवस्थामा लामो समय देखि साविकका स्थानीय निकाय देखिनै कार्यरत कर्मचारीहरुलाई बृत्ति विकासको अवसरबाट बन्चित गरिएको साथै एकै तहमा एकै प्रकृतिको कार्य गर्ने सरकारी सेवाका कर्मचारी र स्थानीय तहका कर्मचारीहरु विच विभेद गरिएकोले यसले कर्मचारीको मनोवृत्तीमा असर परी कार्यकुशलतामा समेत असर पर्ने साथै प्राकृतिक न्यायको सिद्धान्त विपरित समेत रहेकोले कर्मचारी सामयोजन ऐन, २०७५ को दफा ७ को (४) बमोजिमको मापदण्डलाई आधार मानी पदस्थापन गरिपाउँ भनि साविक स्थानीय निकाय देखि कार्यरत कर्मचारीहरुले संयुक्त निवेदन पेश गरेकोमा संघीय सरकारबाट निर्माण हुदै गरेको स्थानीय सेवा ऐनमा सरकारी सेवाका कर्मचारीहरुलाई समायोजनका क्रममा लिईएको मापदण्ड बमोजिमनै स्तरबृद्धि तथा ग्रेड सुविधाको कानूनी प्रावधानको व्यवस्था गरी एकै प्रकृतिका एकै छातामुनी रही समान सेवा प्रदान गर्ने कर्मचारी बीच विना विभेद र भेदभाव रहित प्राकृतिक न्यायको सिध्दान्त बमोजिम निर्माणधिन कानूनमानै व्यवस्था गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सुदुरपश्चिम प्रदेश स्तरमा समेत अनुरोध गर्ने निर्णय गरियो साथै नगरपालिकाको कर्मचारीको वृत्ति विकास र बढुवा गर्ने विषयमा कानुनी कार्यविधि र मापदण्ड तयार गर्न विधेयक समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : शहरी स्वास्थ्य केन्द्रको दरबन्दि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.६ :** यस नगरपालिकाको वडा नं. ५ र ७ नं मा शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि आ.व. ०७५/०७६ का लागि सम्पन्न नगरसभाबाट नीतिगत निर्णय भएकोमा यस नगरपालिका क्षेत्र भित्र रहेका शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने र जनशक्तिको हकमा व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०७५ पौष १७ गतेको कार्यपालिकाको बैठकको निर्णयबाट कार्यान्वयन गरिसकेकोमा तपसिल बमोजिमका दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

*तपसिल* :

| क्र.सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अ.हे.व.(प्रा.)सहायक स्तर चौथो | २ | |
| २. | अ.न.मि.(प्रा.) सहायक स्तर चौथो | २ | |
| ३. | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ | |

टीकापुर नगरपालिका
नगर प्रमुख
... बहादुर रावल

**प्रस्ताव नं. ७ : सामाजिक तथा वातावरणीय सु व्यवस्था कायम गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस नगरपालिका क्षेत्रभित्र अव्यवस्थित तथा अनाधिकृत रुपमा मदिरा विक्री वितरण, सेवन गर्ने तथा विभिन्न कार्यक्रम, सभासमारोह, विवाह, भोजहरुमा दिवा तथा रात्रीकालिन समयमा समेत ठूलो ध्वनिमा बाजागाजा, साउण्ड सिस्टमहरु बजाउने गरेको र यत्रतत्र रुपमा प्लाष्टिकको झोला सहित प्लाष्टिक जन्य सामग्रीहरु फ्याक्ने गरेको पाईएकोले यस किसिमका क्रियाकलापहरुबाट सामाजिक तथा वातावरणीय हिसावले नकरात्मक असर पर्ने गरेको साथै मानविय स्वास्थ्यमा समेत समस्या हुने गरेको र नगरलाई समेत दुर्गन्धित, अव्यवस्थित पार्ने किसिमका गतिविधिहरुलाई नियन्त्रण तथा व्यवस्थापन गर्नुपर्ने भएको हुँदा उक्त कार्यहरुलाई व्यवस्थित र मर्यादित बनाउन सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्यविध/मापदण्ड तयार गरी लागु गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: संकल्प प्रस्ताव पारित सम्बन्धमा ।**

**निर्णय नं. ८ :** यस समाजमा अहिले पनि वालविवाह, छुवाछुत, छाउपडी लगायतका कुप्रथाहरु समाजमा विद्यमान रहेको यस किसिमका प्रथाहरुले समाजमा निकै ठूलो विखण्डन र विचलन ल्याउने भएकोले यस नगरपालिकामा पनि यस प्रकृतिका कार्यहरु हुने गरेको पाईएकोले यस प्रकारका कार्यहरु नगर्ने/नगराउने तथा न्यूनीकरणका लागि प्रतिवद्धता जाहेर गर्दै यस किसिमका कार्यहरुमा कुनै पनि निर्वाचित जनप्रतिनिधि तथा सरकारी कर्मचारीहरु सहभागी समेत नहुने सामुहिक प्रतिवद्धता सहित संकल्प प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं. ९: निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.९ :** यस नगरपालिकामा आ.व.२०७५/७६ का लागि २०७४ असारमा सम्पन्न नगरसभा पश्चात भए कार्यपालिकाको बैठकको निर्णय तथा विभिन्न समिति/उपसमितिमा भए गरेका निर्णयहरु समेत नबाझिएको हद सम्म अनुमोदन गर्ने निर्णय गरियो ।

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर,
सुदूरपश्चिम प्र.